नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
**राजस्व अनुसन्धान विभाग**
हरिहरभवन, पुल्चोक, ललितपुर

**मिति: २०७७-०३-३०**

# प्रेस विज्ञप्ती

**भैरहवा गल्ला मण्डी स्थित सोनी ज्वेलर्सका प्रोप्राईटर सुनिल सुनार र निजका सहयोगी अमित परियार समेतले अवैध सुन चोरी पैठारी गरी राजस्व चुहावट तथा अवैध आर्थिक कारोवार गरेको सूचनाको आधारमा रु. ९९,०५,०००।- (अक्षेरुपी उन्नसय लाख पाँच हजार मात्र) नगद तथा कागजात समेत बरामद गरी अनुसन्धान कार्य शुरु गरिएको ।**

**भैरहवा गल्ला मण्डी स्थित सोनी ज्वेलर्सका प्रोप्राईटर सुनिल सुनार**ले अवैध सुन चोरी निकासी पैठारी गरी राजस्व चुहावट तथा अवैध आर्थिक कारोवार गरेको भन्ने समेतको राजस्व अनुसन्धान विभागमा प्राप्त सूचनाको आधारमा मिति २०७६-०३-३० गते राजस्व अनुसन्धान कार्यालय बुटवलको टोलिले निज सवार प्रदेश -३/०१-०२३ च ३२०९ नम्वरको साधनमा भैरहवाबाट बुटवल तर्फ आउदै गर्दा बुटवल स्थित राजमार्ग चौराहाबाट सवारी साधान सहित निजलाई कब्जामा लिई चेकजाँच गर्दा अवैध आर्थिक कारोबार र राजस्व चुहावट गरी लुकाई ल्याउदै गरेको नगद रु. ७३,५५,०००।- बरामद गरी निजको पक्लिहवा स्थित घर र सोनी ज्वेलर्स गल्लामण्डी भैरहवा समेतमा खानतलासी गर्दा उक्त स्थानहरुबाट नगद रु. २५,५०,०००।- समेत बरामद भएको । यसरी निज सवार गाडी र घर तथा पसल समेतबाट राजस्व चुहावट गरी अवैध रुपमा राखेको तथा साथैमा ओसार-पासर गरेको अवस्थामा जम्मा रकम **रु. ९९,०५,०००।- (अक्षेरुपी उन्नसय लाख पाँच हजार मात्र)** र अवैध आर्थिक कारोबारसंग सम्वन्धित कागजातहरु समेत बरामद गरी कब्जामा लिई निज सुनिल सुनार र निजका सहयोगी अमित परियार समेतलाई तत्काल पक्राउ गरी राजस्व चुहावट समेतको कसूरमा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ (संसोधन सहित) बमोजिम अनुसन्धान कार्य शुरु गरिएको ।

**सूचना अधिकारी**
**राजस्व अनुसन्धान विभाग**